Vol. 9, No. 2, 2023, 48–54
**The Journal of Knowledge and Innovation**
ISSN 2350-8884 (Print)

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# परालको आगो कथामा अनुभूतिको संरचना

**अनिल अधिकारी १/ बाबुराम तिमल्सेना २**
नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर

Email: aniladhikaribhojpur@gmail.com/timalsinababuran4@gmail.com

## लेखसार

प्रस्तुत लेखमा "परालको आगो" कथाको समाजशास्त्रीय विश्लेषण भएको छ भने उक्त समस्या समाधानका लागि गुणात्मक अनुसन्धानविधि, पाठविश्लेषण ढाँचा र विश्लेषणात्मक विधिको प्रयोग भएको छ । यस लेखको सैद्धान्तिक आधार साहित्यको समाजशात्रीय अध्ययनपद्धतिअन्तर्गत अनुभूतिको संरचना हो । साहित्यको समाजशास्त्रीय विश्लेषणका लागि मार्क्सवादी दर्शनको योगदान रहेको छ भने यसको उत्तरवर्ती व्याख्याका क्रममा वर्ग र वर्गसमाजभित्रै हुने सङ्घर्ष र त्यसको विवेचना गर्ने अनुशासन अनुभूतिको संरचना हो । यस सिद्धान्तमा स्रष्टाले सृजनाभित्र समाजमा रहेका मुख्य तीनपिँढीका बीचको पारस्परिक सम्बन्ध र सङ्घर्ष, तिनका क्रियाकलापजन्य परिस्थिति तथा त्यस प्रक्रियामा समुदायले अनुभव गर्ने विशिष्ट दवावजन्य अनुभूतिको अभिव्यक्ति पिँढी एवम् तिनका अनुभूतिको अध्ययनबाट समाजमा विद्यमान सांस्कृतिक स्थिति र सामाजिक व्यवस्थाका दिशा एवम् प्रक्रिया कसरी प्रस्तुत भएको छ भन्ने पक्षको खोजी गरिन्छ । यस लेखमा यही मान्यताको परिधिमा रही परालको आगो कथामा नेपाली समाजमा अशिक्षा र आर्थिक पछौटेपनका कारण व्याप्त वर्गीयता, असमानता, अन्धविश्वास एवम् रूढीग्रस्त पर्यावरणमा जीवन व्यतित गर्ने ग्रामीण नेपाली नागरिकको यथार्थ प्रतिबिम्बन भएको विषयमा विमर्श भएको छ । अशिक्षाका कारण अविकसित सामाजिक प्रथा परम्परालाई चिर्न नसक्ने दीनहीन असंस्कृत जीवनलाई नियतिका रूपमा अङ्गीकार गरी जीवनको आधार खोज्ने पिँढीबाट नवीन एवम् वैकल्पिक संस्कृतिको निर्माण असम्भव रहेको तथा तत्जन्य कार्य नहुनुको पछाडि अपरिवर्तनगामी अशिक्षित ग्रामीण नेपाली समाज रहेको पक्षमा विवेचना भएको छ ।

**शब्दकुञ्जी:**
पिँढी, प्रभुत्व, सामाजिक संस्कृति, सामन्तवाद

**Article information**
Manuscript received: June 25, 2023; Accepted: November 5, 2023
DOI https://doi.org/10.3126/jki.v9i2.55151
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

प्रस्तुत लेख कथाकार गुरुप्रसाद मैनाली (१९५७–२०२८) को "परालको आगो" कथामा समाजशास्त्र मुख्यसमस्यामा केन्द्रित छ । आधुनिक नेपाली कथाका आरम्भकर्ता मैनाली १९९२ सालमा "नासो" कथा प्रकाशित गरी साहित्ययात्रा तथा नेपाली कथामा आधुनिकताको आरम्भ गर्ने यिनका ११ कथाको सङ्ग्रह नासो २०२० सालमा प्रकाशित छ । नेपाली समाजको अन्तर्यमा रहेका यथार्थलाई सिर्जनात्मक स्वरूप दिने मैनालीका कथा संरचना र रूपविन्यास दुबै दृष्टिले प्रखर छन् । आदर्शवादी दृष्टिकोणलाई पूर्वपीठिकामा राखी सामाजिक यथार्थको अभिव्यञ्जनालाई स्थापित गर्ने मैनालीका कथामा २००७ सालको राजनीतिक परिवर्तनपूर्व र पछाडिको सङ्क्रमणकालीन अवस्थाको कलात्मक अभिव्यञ्जना पाइन्छ । प्रस्तुत "परालको आगो" कथा सामन्तवादी समाजव्यवस्था र संस्कृतिका अन्तर्यमा २००७ सालपूर्वको नेपाली समाजको सोच सामाजिक संस्कृति र प्रवृत्तिसम्बद्ध विषयमा केन्द्रित छ । प्रस्तुत कथाले अशिक्षा, गरिबी, आर्थिक पछौटेपन, अन्धविश्वास, रूढीग्रस्त सामाजिकताको पर्यावरणमा बाँचेको एउटा पारिवारिक जीवनमा घट्ने अल्पकालीन (दुई हप्ताको) घटनाका आरोहअवरोहको परिवृत्तमा कथास्वरूप प्राप्त गरेको छ । नेपाली समाजको वर्गीय असमानताको संस्कृतिभित्र सामन्तवादी विचारधाराको वर्चस्व र त्यसको आधीन पिँढीको जीवनसङ्घर्षका विषय समेटिएको यस कथामा वर्गभित्रकै प्रवर्ग र उपवर्गबीचको अन्तर्सङ्घर्षको प्रस्तुति भएको छ भने यसप्रकारका विषयको प्रस्तुतिले कथालाई समाजशास्त्रीय अध्ययन

गर्नसकिने आधार प्रदान गरेको छ ।

साहित्यको समाजशास्त्रीय विश्लेषण, अध्ययन र अनुसन्धान गर्ने विषयअन्तर्गत अनुभूतिको संरचना पनि एक अनुशासन हो । मार्क्सवादी दर्शनबाट विकसित यस अनुशासनमा वर्गसंस्कृतिका अन्तर्यमा संस्कृति, पिँढी, प्रभुत्व तथा पिँढीगत अन्तर्सम्बन्धको विवेचना गरिन्छ । अनुभूतिको संरचना रेमन्ड विलियम्सको सांस्कृतिक भौतिकवादअन्तर्गतको एक अध्ययनपद्धति हो । अनुभूतिको संरचनामा समुदायमा छरिएर रहेका विविध अनुभूतिको पारस्पारिक सम्बन्ध र भिन्नताको अवस्थाका सम्बन्धमा गरी तिनका बीचमा विद्यमान अन्तर्सम्बन्धको खोजी गरिन्छ । यसअन्तर्गतको अन्वेषणप्रक्रिया एकैपटक सिङ्गो अनुभूतिको संरचना खोजी नगरी व्यक्तिव्यक्ति, समूहसमूह, र वर्गवर्गबीचको अन्तर्सम्बन्ध पहिचान गरी समुदायभित्रका व्यक्ति, वर्ग र समूहबीचको अन्तर्क्रियात्मक अध्ययनपश्चात् त्यसमा देखिने द्वन्द्व, दबाव, दमन र तनाबजन्य स्थितिको अन्तर्सम्बन्धलाई प्रकाशमा ल्याइन्छ । साहित्यिक कृतिमा अभिव्यञ्जित द्वन्द्व, दबाव, दमन र तनाबजन्य स्थितिले जन्माएको अनुभूति केकसरी प्रस्तुत भएको छ त्यसको पूर्ण अध्ययन र विश्लेषण अनुभूतिको संरचनाअन्तर्गत खोजिन्छ । यसमा व्यक्ति-वर्ग-समूहभित्र निहित आग्रहपूर्वाग्रह, आवेगसंवेग, धारणा, विचारजस्ता भावको पारस्परिक सम्बन्धका आधारमा कृतिलाई समाज र त्यसभित्रका क्रियाकलापलाई सामाजिक गतिविधि मानी पाठको अंशबाट पूर्ण पाठको तथा पूर्ण पाठबाट अंश बुझ्ने-बुझाइने द्विपक्षीय आधारको अन्वय खोजिन्छ । प्रस्तुत ''परालको आगो'' कथा रचनासन्दर्भगत अवस्था समकालीन समाजव्यवस्थाको विकासशील अवस्था र वर्तमान सामाजिक संस्कृतिका दृष्टिले पुरानो र ऐतिहासिक सन्दर्भसम्बद्ध छ । यद्यपि नेपाली समाजको वास्तविक सामाजिक–सांस्कृतिक अवस्थिति र विशेषता, समाज विकासका क्रममा आएका परिवर्तनले नेपाली समाजबाट विस्थापित गर्ननसकेको गरिबी र अन्धविश्वासका कारण थला परेको वर्तमान नेपाली समाजका सार्विक विशेषतालाई आत्मसात् गर्नसक्ने परिवर्तन र विशिष्ट अनुभूतिको संरचनाको अपेक्षा नभए पनि यो कथा अनुभूतिको संरचना विषयक समाजशास्त्रीय अध्ययनपद्धतिका आधारमा विश्लेषणीय कथा हो । प्रस्तुत लेखको मुख्यसमस्या ''परालको आगो'' कथामा अनुभूतिको संरचना हो । प्रस्तुत मुख्यसमस्या र यससँग आउने अन्य समस्या समाधानका लागि निम्नलिखित शोध्यप्रश्नलाई आधार मानी प्राज्ञिक उत्तर खोज्नु उपयुक्त देखिन्छ ।

क) कथा रचनागत सामाजिक सन्दर्भ केकस्तो छ ?

ख) कथामा पिँढी र प्रभुत्वका सन्दर्भमा संस्कृति र अनुभूति कसरी प्रस्तुत भएको छ ?

ग) दबाव र तनाबका सन्दर्भमा अनुभूति संरचना प्रस्तुतिको प्रयोजन के हो ?

प्रस्तुत लेख ''परालको आगो'' कथामा अनुभूतिको संरचना विषयक सिद्धान्तका आधारमा त्यसको प्राज्ञिक समाधान र औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ । साहित्यको समाजशास्त्रका विविध सिद्धान्तअन्तर्गत अनुभूतिको संरचनाका आधारमा कृतिको विश्लेषण गर्ने आधार, अवधारणा र पद्धतिसँग सम्बन्धित अध्येता, पाठक र शोधार्थी-विद्यार्थीका लागि पठनीय सामग्री रहने यस लेखको प्राज्ञिक औचित्य र महत्त्व छ । अनुभूतिको संरचनाका अतिरिक्त अन्य सैद्धान्तिक पक्ष यस लेखको सैद्धान्तिक सीमाङ्कन हो भने ''परालको आगो'' कथाका अतिरिक्त अन्य कृति शोधक्षेत्रगत र विषयगत सीमाङ्कन हुन् ।

## शोधविधि

प्रस्तुत लेखका लागि सामग्री सङ्कलन, विश्लेषण अनुसन्धान विधि, सैद्धान्तिक आधार र अर्थापनको ढाँचासँग सम्बन्धित निम्नलिखित अध्ययनविधि अवलम्बन भएको छ ।

## सामग्री सङ्कलन र अनुसन्धानविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धानपद्धतिमा आधारित छ । कथामा रहेका उद्धरण र तिनको सामाजिक अवस्थाको विश्लेषण हुने भएकाले यो पाठविश्लेषणकेन्द्री अनुसन्धान ढाँचासम्बद्ध छ । प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्री उपयोग हुने यस लेखमा सामग्रीको सङ्कलन पुस्तकालबाट भएको छ । प्राथमिक स्रोतको सामग्रीमा गुरूप्रसाद मैनालीको ''परालको आगो'' कथा तथा सैद्धान्तिक पक्षसम्बद्ध सामग्री द्वितीयक स्रोतका हुन् । सामग्रीको विश्लेषणका लागि साहित्यको समाजशास्त्रीय चिन्तनअन्तर्गत रेमन्ड विलियम्सको सांस्कृतिक भौतिकवादअन्तर्गतको अनुभूतिको संरचना यस लेखको सैद्धान्तिक आधार हो । यस लेखको अर्थापनका लागि विवेचनात्मक र विश्लेषणविधिको उपयोग भएको छ ।

## सैद्धान्तिक आधार

साहित्यको समाजशास्त्रीय अध्ययनमा अनुभूतिको संरचना बेलायती सांस्कृतिक अध्ययनको प्राप्ति हो भने यो विषय रेमन्ड विलियम्स (१९२१–१९८८)को सांस्कृतिक भौतिकवादबाट विकसित पद्धति हो । यस सिद्धान्तको निर्माण मार्क्सवादी दर्शनको प्रभाव र बेल्सको सर्वहारा मजदुर आन्दोलनमा उठेका आवाजभित्रका समाज, सामाजिकता र संस्कृतिक चिन्तनका अन्तर्यमा प्रतिपादन भएको हो । यस सिद्धान्तको निर्माण एन्टिनियो ग्राम्सीको प्रभुत्व, विलियम गोल्डम्यानको विश्वदृष्टि, लावेन्थलको अर्थ संरचनाजस्ता सिद्धान्तको आलोचना भइरहेको सन्दर्भमा भएको हो । अनुभूतिको संरचना राजनीतिक, सामाजिक तथा सांस्कृतिक दर्शन र तिनको समाजपक्षीय अभ्यासका क्रममा भएका आन्दोलन तथा त्यस क्रममा निम्नपुँजी भएका वर्ग वा समुदायको जनजीवनसम्बद्ध संस्कृतिसँग अन्तर्मन्थनबाट विकास भएको हो (पाण्डेय, २०७३, पृ. ३०) । सामाजिक संस्कृति निर्माणको आधार मानिने साहित्यमा स्रष्टामा समाज र संस्कृतिमा आएको परिवर्तनको बोध तथा त्यसको प्रत्ययनको अपेक्षा गर्ने यस सिद्धान्तलाई सांस्कृतिक भौतिकवाद, सांस्कृतिक इतिहास, साहित्यको समाजशास्त्र, सामाजिक आलोचनाजस्ता नाम प्राप्त छन् (पाण्डेय, सन् १९८९, पृ. १६३) । बेलायती समाजको प्रभुत्वशाली संस्कृति पुँजीवादसँग विचारधारात्मक सङ्घर्षबाट विकसित अनुभूतिको संरचना समाज, संस्कृति र साहित्यमा श्रमिक जनजीवन र संस्कृतिक चेतनासँगै सर्वहारा वर्गको उत्थान नभई समाज र सास्कृतिक परिवर्तनको कुनै अर्थ नरहने पक्षको आधार हो (ऐजन, पृ. १६२) । अनुभूतिको संरचना समाजको वर्गीय स्वरूप र त्यसको सांस्कृतिक पुनर्निर्माणलाई सामाजिक संरचनाका अन्तर्यमा प्रस्तुत गरिनु पर्ने प्रतिपाद्य विषय हो ।

सांस्कृतिक भौतिकवादको अन्तर्यमा स्थापित अनुभूतिको संरचना समाज र संस्कृतिबीच सिर्जनात्मक सम्बन्धका बारेमा विवेचना गर्ने सैद्धान्तिक अवधारणा हो । एउटा कालखण्डको अध्ययनमा तत्समयको सामाजिक संगठन, भौतिक जीवन तथा एउटा निश्चित सीमासम्म समाजको विचारलाई पुनर्निर्मित गर्नसकिन्छ भन्ने अन्तर्वस्तु नै अनुभूतिको संरचना हो (घिमिरे, २०७३, पृ. २३) । प्रभुत्व, अर्थको संरचना, विश्वदृष्टिजस्ता समाजशास्त्रीय पद्धतिकै सापेक्ष शक्तिशाली रहेको अनुभूतिको संरचना रेमन्ड विलियम्सको ''प्रिफेस टु फिल्म ड्रामाटिक ट्राडिसन'' (सन् १९५४) लेखको मुख्य प्रतिपाद्य विषय हो । अनुभूतिको संरचना समाजसँग संस्कृतिको जीवन्त र सिर्जनात्मक सम्बन्धको व्याख्या गर्ने रेमन्ड विलियम्सले अघिसारेको केन्द्रीय मान्यता हो (घर्ती, २०७९, पृ. ३७) । अनुभूतिको संरचनामा सामाजिक संस्कृतिले मानव मानिसकतामा पार्ने प्रभाव तथा त्यसको सामाजिक सम्बन्धको खोजी गरिन्छ । अनुभूत सरचनामा समाज, संस्कृति र अभ्यासका आधारमा निर्माण हुने सामाजिक प्रक्रियागत सिद्धान्त हो । अनुभूतिको संरचना विचारात्मक संरचनाका दृष्टिले तथा मार्क्सवादी साहित्यिक र सांस्कृतिक व्याख्यापद्धतिसँग अन्तर्विरोधसहित स्थापित वैकल्पिक विषय हो (ऐजन, पृ. ३७) । साहित्यमा समाज, सामाजिक संरचना, विचारधारा, संस्कृति तथा सामाजिक वर्गका बीचको द्वन्द्वात्मकताजस्ता विषयको कलात्मक

अभिव्यञ्जनाभित्र समाजको बाह्यसंरचनासँगको अन्वय खोज्ने यस अध्ययनपद्धतिमा उपर्युक्त तत्त्व र कलासँगको अन्तर्सम्बन्धका आधारमा विवेचना गर्नुपर्ने स्पष्ट मान्यता छ ।

अनुभूतिको संरचना समाजको सर्वाङ्गीण पक्षको सांस्कृतिक विवेचना गर्ने समग्रतावादी पद्धति हो । अनुभूतिको संरचना विश्वास, व्यवस्था, संस्था परस्परमा अभिव्यक्त सम्बन्ध वा चेतनामा अवशिष्ट विचारधाराभन्दा भिन्न अवस्था हो (पाण्डेय, १९८९, पृ. १८४) । यसले साहित्यलाई समाजको कुनै एकपक्षसँग जोडेर हेर्नसकिने अवधारणा निर्माण गरेको छ । अनुभूतिको संरचनाको तात्पर्य कुनै कलाकृतिलाई समग्रतामा अनुभव गरेर त्यसका विषयमा संज्ञान लिनु हो (कँवर, सन् १९८८, पृ. ५१) । कलाका सन्दर्भमा अनुभूति कृतिमा अनुभव पक्षलाई सुनिश्चित ढाँचामा बोध गराउने विषय हो भने एउटा निश्चित कालखण्डमा स्थापित संस्कृति अनुभूतिको संरचना हो । विलियम्स (सन् १९६०) का अनुसार एक निश्चित समयमा एकैपटक तीनतहको अनुभूति संरचना व्यवहारमा देखिन्छ । अनुभूतिको संरचना निश्चित समयमा परिवर्तन हुने संस्कृति नभई एकपटक समाजमा स्थापित भई आफ्नो प्रभुत्व कायम गरेपछि स्थीर संस्कृतिमा रूपान्तर हुने संस्कृति हो (पृ. २९) । समाजभित्र प्रभुत्वमा रहेका सामाजिक चरित्रलाई नैतिकता र आदर्शको समन्वयात्मक रूप मान्ने विलियम्स अनुभूतिको संरचना स्वयम् उपस्थित नभई सामाजिक चरित्र र नैतिकतामाथि समूर्त प्रकृतिको दबाव सिर्जना गर्दछ जुन दबावले तत्काल स्थापित भएका संस्कृतिलाई विस्थापित गरी नवीन संस्कृतिको निर्माण गर्ने अवधारणा प्रस्तुत गर्दछन् (जैन, सन् २००६, पृ. १३४) । मूलतः अनुभूति विषयगत अर्थ हो भने संरचनाको तात्पर्य वस्तुगतता हो । अनुभूति आरम्भमा व्यक्तिगत दृष्टिकोणबाट क्रमशः संस्था, समूह हुँदै वर्गीय स्वरूपमा रूपान्तर हुने प्रक्रिया हो ।

समाजमा वैयक्तिक विचारले सांस्कृतिक स्वरूप ग्रहण गरेपछि क्रमशः पुराना संस्कृतिलाई विस्थापित गर्दै नूतन संस्कृतिको निर्माण र विकास समूर्तन भई निर्मित प्रतिपाद्य विषय नै अनुभूतिको संरचना हो । विचार अनुभूति द्वन्द्वात्मक सम्बन्धमा अन्तर्निर्भर नभई यी परस्परमा सम्बद्ध हुने भएकाले विचार र अनुभूति तथा अनुभूति र विचारको अन्वय अनुभूति संरचना निर्माणको आधार हो (हर्थन, २०००, पृ. ३४२) । कतिपय साझा विशेषताका कारण अनुभूतिको संरचना सम्भावित चेतना र विश्वदृष्टिसम्बन्धी मान्यताको निकटस्थ देखिए पनि यो एकप्रकारले एउटा कालखण्डमा लेखकद्वारा आदानप्रदान गरिने विचार हो जो केही हदसम्म इतिहास चेतना, वर्गसङ्घर्ष, वर्गसम्बन्ध, परम्परागत विधा र शैलीको पुरानो परम्पराद्वारा सीमाबद्ध हुन्छ (कँवर, सुन् १९८८, पृ. ५१) । अनुभूतिको संरचना र विचारधारा एकअर्कामा फरक विषय हुन् । अनुभूतिमाथि जोडदिनु यसलाई विश्वदृष्टिबाट अलग्याउनु हो । विलिसम्स (सन् १९६०) का अनुसार –

हाम्रो आशय त्यस्ता मूल्य र अर्थसँग छ जो वास्तविक जीवनका अनुभवका अङ्ग हुन् तथा विचारधारासँग तिनको सम्बन्ध बदलिरहन्छ । निश्चित वर्गसँग सम्बद्ध मिल्दाजुल्दा विचारको व्यवस्थालाई विचारधारा भनिन्छ जुन आफैंमा भ्रमपूर्ण र अमूर्त चिन्तन पनि हुनसक्छ । जब यही विचारधारा निश्चित कालखण्डको सामाजिक चरित्रसँग दाँजेर हेर्न थालिन्छ त्यही अनुभूतिको संरचनासँग भिन्न देखिन्छ जसलाई विचार वा चिन्तनसँग समान मानिन्छ । यसमा चेतना र सम्बन्धलाई प्रभाव पार्ने तत्त्व हुन्छ । यो चिन्तनका विरूद्ध अनुभूति नभई अनुभूति गरिने चिन्तन वा चिन्तनमय अनुभूति हो । (एरिल्ज, र लिजी सन् २००५, पृ. १०९)

प्रभुत्व प्रत्यक्ष राजनीतिक नियन्त्रण मात्र नभई मानवीय स्वभाव र सम्बन्धलाई सूक्ष्मरूपले प्रभाव पार्ने र आकार दिने प्रणाली हो । अनुभूति संरचनाको अभिव्यक्ति निश्चित अनुभूति र अनुभवमा आधारित सोद्देश्य प्रक्रिया नभई यो अचेतनमा तहमा अस्वाभाविक विकास हुने विषय हो (घर्ती, २०७९, पृ. ३७) । वर्ग-समुदायवीचका गतिविधि र सम्बन्ध परिवर्तन भइरहने दबाव र सीमाभित्र यसले प्रत्यक्षतः शासक (प्रभुत्वशाली) वर्गको स्वार्थलाई समर्थन र पृष्ठपोषण गर्दैन तथापि शासितहरूले प्रभुत्वशाली (शासक) वर्गका संस्कृति, अनुभूति वा चेतनालाई सामान्य चेतना वा सामान्य यथार्थ अझ भनौं आफ्नै वस्तुका रूपमा ग्रहण गरिरहेका हुन्छन् । यसप्रकार प्रभुत्वले समाजका विभिन्न तहमा प्रवेश गरिरहेको हुन्छ (ग्राम्सी, सन् १९७३, पृ १४) । यही अवधारणालाई आत्मसात् गरी अनुभूतिको संरचनामा संस्कृतिको राजनीतिक पक्षमाथि विश्लेषण भएको छ । विशेषतः प्रभुत्व सामान्य रूपमा शासक र शासितसँग सम्बन्धित छ । यस्तो प्रभुत्वले सामाजिक रूपमा व्यक्त हुने अनुभूतिको संरचनामा प्रत्यक्ष प्रभाव पार्नसक्छ तर विलियम्सका विचारमा प्रभुत्व र अनुभूतिको संरचना एकअर्कामा समानार्थी दृष्टिकोण नभई नितान्त भिन्न मान्यता हुन् । अनुभूतिको संरचना पिँढीगत सन्दर्भको विश्लेषणका क्रममा आउने प्रभुत्वशाली पिँढीले आफ्ना संस्कृति र सांस्कृतिक मान्यताका रूपमा स्थापित अनुभूति अधिनस्थ पिँढीमाथि प्रत्यक्षाप्रत्यक्ष लाद्ने र बिस्तार गर्ने सन्दर्भमा प्रभुत्वको अन्तर्वस्तुलाई स्वीकार गर्ने क्रममा ग्राम्सीको विचार सहयोगीका रूपमा आएको छ । यसर्थ सिर्जनामा व्यष्टित अनुभूति संरचनालाई प्रभुत्वका दृष्टिले हेर्न सकिने पर्याप्त आधार प्राप्त गर्नसकिन्छ ।

विचारभन्दा अनुभूति, वर्गभन्दा समुदाय र सामाजिक संरचनाभन्दा पिँढी महत्त्वपूर्ण हुने उनको अवधारणाको केन्द्रविन्दु समुदाय हो । अनुभूतिको संरचना व्यक्तिगत र सार्वजनिक अवधारणालाई छुट्याएर हेर्ने दृष्टिकोण नभई दुबैलाई समष्टिगत रूपमा हेर्ने मान्यता हो । व्यक्ति र समाजसमुदायलाई छुट्याउँदा एकअर्काको पारस्पारिक सम्बन्धलाई निक्र्यौल गर्न सकिन्न । यसबाट व्यक्तिगत र सामाजिक दुबै अनुभवलाई सूक्ष्म रूपमा नियाल्न सकिन्छ । सिर्जनामा चित्रित समाजलाई मात्र दृष्टिगत नगरी सिर्जनामा चित्रित समाज र बाह्य समाजबीचको बाह्यान्तरिक सम्बन्ध के कसरी व्यष्टित भएको छ त्यसको निरूपण गर्नुपर्दछ । एकान्तमा लेख्दा स्वयम्को सिर्जना भएको आभाष भए पनि सिर्जनामा समाजको चित्रण हुनेहुँदा स्रष्टा अनुभव स्वयम् स्रष्टाको नभई विश्वजनिन अनुभव बन्दछ तथा स्रष्टा एक्लो नभई सामाजिक वस्तु र सिर्जनामा प्रयुक्त भाषामा स्रष्टाको आधिपत्य रहन्न । त्यसकारण कुनै पनि सिर्जनामा स्रष्टाको वैयक्तिकता रहन्न । सिर्जना त विश्वजनिन-सार्वजनिक-सामूहिक हुन्छ त्यसैले सिर्जना स्रष्टाको मात्र होइन अर्थात् सिर्जनाको म ममात्र होइन म स्वयम् समाजको ठूलो संसारमा हुन्छु (एरिल्ज, र लिजी, सन् २००५, पृ. १११) । अनुभूतिको संरचना सामाजिक व्यवहार र समाज विश्लेषणको सैद्धान्तिक संयन्त्र दुबै हो जसले समाजको इतिहासलाई आधुनिक दृष्टिले मूल्याङ्कन गर्दछ । यो निरन्तर विकास हुने एउटा प्रक्रिया हो जसमा उत्पादकत्वको कुनै स्थान रहँदैन । यस दृष्टिकोणबाट सिङ्गो साहित्यको ऐतिहासिक विकासप्रक्रिया तथा मोडउपमोडमा विकसित बनेका सामाजिक विकास, मानवीय चेतनाको परिवर्तन तथा तिनका बीचको अन्तर्सम्बन्धलाई विवेचना गर्नसकिन्छ । अनुभूतिको संरचनाले सिर्जनाको विवेचना गर्दा विवेचनासम्बन्धी पूर्ववर्ती मान्यतालाई विस्थापित गर्दै पारस्पारिक अन्तर्सम्बन्ध स्थापित गर्नुपर्ने आशयमा विशेष जोड दिएको छ । अनुभूति संरचना एक अवधिमा समुदाय विशेषमा एक पिँढीले जीवनमा सम्बन्धमा गर्ने अनुभव र त्यसबाट निर्मित ज्ञान हो (पाण्डेय, १९८९, पृ. १८०) । साहित्यको समालोचना गर्ने यो प्रक्रिया परस्परमा अन्तर्सम्बन्धित तथा निष्कर्षतः समग्रतावादी पद्धति रहेको स्वीकार गर्नसकिन्छ । विगत, वर्तमान वा आगत जुनसुकै कालखण्डमा पनि संस्कृति र समाज निरपेक्ष साहित्य रहन नसक्ने तर्क गर्दै अनुभूतिको संरचनाकै परिवृत्तमा साहित्य परिक्रमित हुने निष्कर्ष विलियम्सको रहेको छ । अनुभूतिको संरचना एउटा सेतु (माध्यम) हो जसबाट समाजमा निश्चित कालखण्डमा घटित समाजका समुदायका बीचको अन्तर्सम्बन्ध तथा त्यस समयमा समुदायमा सृजित दबाव र तनाब तथा उक्त दबाव र तनाबले पैदा गर्ने विशिष्ट अनुभूतिसँग ती दबाव र तनाबको समाधानका लागि गरिने सङ्घर्ष र प्रयास र प्रयत्नबाट सृजित दोस्रो अनुभूतिजस्ता समग्र पद्धतिको अध्ययन-विश्लेषणमा केन्द्रित रहने भएकाले यसलाई समग्रतावादी पद्धति भनिएको हो ।

मार्क्सवादी समालोचनाले साहित्यमा अभिव्यञ्जित आत्मपरक र वैयक्तिक पक्षलाई उपेक्षा गर्दै ठोस वस्तुवादी चिन्तनलाई प्रथमिकता दिएपछि मार्क्सवादी चिन्तनको आलोचना गर्दै सिर्जनाको समीक्षामा आत्मपरक पक्षको महत्त्वलाई स्थापित गर्न विलियम्सको महत्त्वपूर्ण योगदान रहेको छ । साहित्यमा जब वर्गदृष्टि, विचारधारा वा विश्वदृष्टिको सिद्धान्त अगाडि राखिन्छ तब सिर्जनामा विद्यमान अनुभव–अनुभूति पक्ष पूर्णतः विस्थापित बन्दछ । सिर्जनामा अवशिष्ट सचेत विचारधारा र

समुदायमा विद्यमान अनुभूतिका बीच तनाबको स्थिति उपस्थित भएको अवस्थामा अनुभूतिको संरचनाको सहायताले उक्त तनाबको विवेचना गर्नसकिन्छ तर त्यस तनाबको व्याख्या–विवेचना वर्गदृष्टि, विचारधारा र विश्वदृष्टिबाट सम्भव छैन । अनुभूतिको संरचनाले व्यक्तिगत विचारबाट सामूहिक र सामुदायिक विचारतर्फ अभिमुख तथ्यलाई औंल्याउँछ किनभने यसप्रकारको अनुभूति समाजकै तहमा सृजित हुन्छ जसले विचारधाराको स्वरूप ग्रहण गरेको हुँदैन ।

अनुभूतिको संरचनाभित्र पहिलो पिँढी समाजमा स्थापित भइसकेको तथा प्रभुत्वशाली शासक वर्गको अनुभूतिको संरचनालाई प्रतिनिधित्व गर्ने पिँढी हो । यस पिँढीले समाजमा प्रभुत्व कायम गरी आफूले स्थापना गरेका मान्यतालाई संस्कृति वा कानुनका रूपमा प्रत्यक्षाप्रत्यक्ष रूपमा कार्यान्वयन गर्ने हुँदा यसको संस्कृति समाजमा मूलधारका रूपमा रहेको हुन्छ । प्रभुत्वशाली–शासक पिँढी भएकाले आफ्ना अनुभूतिको संरचनालाई समाजमा निरन्तरता दिन प्रयत्नरत रहन्छ । दोस्रो पिँढी समाजमा स्थापित पिँढीको विकल्पमा देखापर्ने पिँढी भएकाले यसलाई वैकल्पिक पिँढी भनिन्छ । पहिलो प्रभुत्वशाली पिँढीको अधिनस्थ रहे पनि परम्परागत मान्यताका विरूद्धमा निरन्तर सङ्घर्ष गर्ने यस पिँढीले प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचनासँग निरन्तर सङ्घर्ष गर्दै आफ्ना नवीन मान्यता स्थापित गराउन प्रयासरत रहन्छ । पहिलो र दोस्रो पिँढीभन्दा पछि तेस्रो उदयीमान पिँढी रहने तर्क विलियम्सको रहेको छ । यो पिँढी समाजमा स्थापित भइनसकेको अपरिपक्व पिँढी हो । दोस्रो पिँढी र पहिलो पिँढीबीचको सङ्घर्षलाई पृष्ठपोषण गर्दै दोस्रो पिँढीको सहयोगीका रूपमा रहने यस पिँढीको सम्बन्ध पहिलो पिँढीसँग शत्रुवत् र दोस्रो पिँढीसँग मित्रवत् रहेको हुन्छ । उपर्युक्त सैद्धान्तिक अवधारणाका आधारमा "परालको आगो" कथामा अनुभूतिको संरचना विश्लेषण तलका सन्दर्भमा भएको छ ।

## विश्लेषण र नतिजा

समाजमा सहअस्तित्व बोकेर जीवित रहेका फरकफरक अनुभूतिको संरचना भएका तीनपिँढीबीचको अन्तर्सम्बन्ध तथा त्यसबाट निर्मित संस्कृतिको केन्द्रीयतामा अनुभूतिको संरचनाको सैद्धान्तिक आधार तयार भएको छ । पहिलोपिँढीले आफ्नो अनुभूतिको संरचना दोस्रोपिँढीमाथि दबावसहित प्रयोग गर्ने, दोस्रोपिँढीले पहिलोपिँढीको अनुभूतिको रचना ग्रहण गर्दा सिर्जना हुने दबाव र तनाबको स्थितिमा उत्पन्न सङ्घर्ष तथा त्यस सङ्घर्षबाट जन्मने तेस्रो उदयीमान पिँढीको आगमनका बीचको त्रिपक्षीय अनुभूतिको संरचनाको बोध भएपछि मात्र सिर्जनाको अध्ययन–विश्लेषणले पूर्णता पाउने अभिमत विलियम्सको रहेको छ । यस लेखमा यिनै मान्यताका परिधिमा रही ग्रामीण नेपाली सामाजिक संरचनाभित्र अस्तित्वमा रहेका फरकफरक पिँढीको फरकफरक अनुभूतिको संरचनामा केन्द्रित पिँढीगत अनुभूति एवम् दबाव र तनाबको अवस्था "परालको आगो" कथामा के कसरी प्रस्तुत भएको छ भन्ने विषयमा निम्नलिखितअनुसार विश्लेषण गर्नु उपयुक्त ठहर्दछ ।

## परालको आगो कथाको रचनागत सामाजिक सन्दर्भ

प्रस्तुत "परालको आगो" कथा निम्नवर्गीय आर्थिक अवस्था भएको ग्रामीण पहाडी परिवेशमा बसोबास गर्ने बैशालु जोडीको गार्हस्थ जीवनसँग सम्बन्धित कथा हो । प्रस्तुत कथामा सेवाकालीन जीवनमा नेपाली समाजसँग प्रत्यक्ष साक्षात्कार गरेको कथाकार व्यक्तित्व तथा त्यसले अनुभव गरेका ग्रमीण समाजका उच्च–नीच, धनी–गरीब, शिक्षित–अशिक्षित, अन्धविश्वास, रूढग्रस्त परम्परा तथा आर्थिक पछौटेपनबाट ग्रस्त नेपाली समाजमा निहित यथार्थको प्रतिबिम्बन भएको छ । प्रस्तुत कथामा कथाकारको जीवनअनुभवको पूर्वपीठिकामा उभिएर यस कथाको आख्यान सन्दर्भको पृष्ठभूमि निर्माण भएको छ । प्रजातन्त्र प्राप्तिपूर्वको नेपाली समाजमा विद्यमान अशिक्षा, अन्धविश्वास, रूढीवादी परम्परा, आर्थिक शोषण, सामाजिक उत्पीडनबाट ग्रस्त विपन्न नेपाली समाजको प्रतिनिधि परिवार चयन गरी उक्त परिवारमा व्यवहृत हुने क्रियाकलाप, पारिवारिक जीवनपद्धति र जिजीविषाका लागि गरिने अथक् प्रयत्नका बाबजूद असमान सामाजिक संरचनाका कारण उठ्न नसकेको जीवनपद्धतिमा जीवन बिताउने पात्रसँग सम्बन्धित घटना, पात्र र परिवेश चयनित सन्दर्भमा जिजीविषा गर्ने पात्रको पारिस्थितिक चक्रको सूक्ष्म अंशलाई आख्यानीकरण गरिएको छ । नेपाली समाजमा विद्यमान आर्थिक असमानता तथा उक्त परिस्थितिमा जीविकोपार्जन गर्ने अप्रत्यक्षरूपमा चित्रित साहू र धनबीरे, तत्कालीन नेपाली समाजमा प्रभुत्व कायम गरी चामेजस्ता अपठित, मूर्ख र अन्धविश्वासी पात्रमाथि आफ्नो प्रभुत्व लादेर भौतिक र आर्थिक शोषणतर्फ अग्रसर छन् भने अर्कोतर्फ अशिक्षा, मूर्ख्याइँ, गरिबी र उद्दण्डताका कारण सामान्य परिस्थितिलाई असामान्य तुल्याई विनाकारण श्रीमती कुटेर बसिबसाउ गृहस्थी र सामाजिक पर्यावरणमा अस्तव्यस्तता सिर्जने चामेबाटै शोषित बन्न पुगेका गौंथली मानवेतर भैंसीजस्ता पात्रबीचको अन्तरङ्ग–बहिरङ्ग सम्बन्धको सिलसिलेवार प्रस्तुतीकरणका कथामा भएको छ । तत्कालीन समाजमा आफूअनुकुलका आस्था, विचार र चेतनाअनुसार व्याख्या गरिने सामाजिक संस्कृति र मान्यताबाट ग्रस्त मनोविज्ञानले सिर्जिएका उदारता–अनुदारता, सामाजिक द्वन्द्व–मेल, पारिवारिक किचलो–पुनर्मिलन, सम्मान–अपमान तथा प्रशंसा–उपहास जस्ता परस्पर विरोधी विचारधाराको समन्वयात्मक चित्रणले कथा पूर्ण रहेको छ । दयनीय आर्थिक अवस्थाबाट गुज्रिरहेको पारिवारिकस्थिति, आपसी बेमेलका कारण उत्पन्न पारिवारिक विघटन, तत्काल पुनर्मिलनको असम्भावी तनाब, घृणा, अपमान, तिरस्कार, मानसिक र भौतिक यातनाजस्ता बाह्य परिस्थिति त झेल्नै छ साथमा सामान्य घरायसी काम– ढिकीजाँतो, पानीपँधेरो, मेलापात, अर्मपर्म, भातभान्सा, घरबेंशी पशुस्याहार जस्ता एकोहोरो गार्हस्थ बोझका कारण मान्छेका मानसिकतामा जन्मने विद्रोह, निराशा र क्रोध विद्यमान रहँदारहँदै पनि यथास्थितिसँग सम्झौता गर्न बाध्य मान्छेको यथार्थ र पारिवारिक पुनर्मिलन जस्ता सामान्य–असामान्य दुवै प्रकृतिका अन्तर्विरोधात्मक परिस्थितिबाट पारस्पारिक दिगो सम्बन्धसम्म आइपुगी आख्यानले विश्राम लिएको छ ।

## कथामा संस्कृति र अनुभूति : पिँढी र प्रभुत्व

प्रस्तुत "परालको आगो" २००७ सालको राजनीतिक परिवर्तनपूर्वको ग्रमीण नेपाली समाज र सामाजिक परिस्थितिको केन्द्रविन्दुमा रही संरचित छ । राणाकालीन सामन्तवादी सामाजिक व्यवस्था तथा उक्त सामाजिक व्यवस्थाभित्रका सांस्कृतिक र आर्थिक विश्वास एवम् तत्समयको सिङ्गो सामाजिक संरचनालाई कथामा सूत्रात्मक रूपमा चित्रण गरिएको छ । समाजमा व्याप्त सामाजिक, आर्थिक शोषण र गरिबीका कारण उत्पीडित र दमित अवस्थामा बस्नुपर्ने चामेको विद्यमान अवस्थासँगै उसको जीवनभोगाइमा देखिने हेयताले सामाजिक उत्पीडन र सामन्तवादी सामाजिक व्यवस्थाभित्रको आर्थिक संरचनालाई पुष्टि गरेको छ । यस अर्थमा प्रस्तुत कथाको सांस्कृतिकता सामन्तवादी सामाजिक संस्कृति र संरचनाको आधारभूमिमा उभिएको प्रष्ट हुन्छ । निश्चित समय, निर्धारित आयाम र सीमित परिवेशका कारण कथामा विवेचना गर्न खोजिएका अधिकांश व्याख्येय पक्ष अति सङ्क्षिप्त सन्दर्भपरक तथा सूत्रात्मक रूपमा चित्रण भए पनि तत्कालीन सामाजिक संरचना, संस्कृति र त्यसबाट पीडित चरित्रको वास्तविक अनुभूति अभिव्यञ्जित गर्न कथा सफल छ । समाजमा व्याप्त गरिबी र आर्थिक पछौटेपनबाट थिचिएका पात्रका दशा र दिशामाथि प्रभुत्वशाली सामन्तवादी प्रवृत्ति र व्यवहारको आधिपत्य हुँदा उत्पीडित वर्गका मानसिकतामा पैदा हुने निरीहता, कुण्ठा, विद्रोह, सम्झौताजस्ता पारिस्थितिक नियतिको निर्माणले उत्पीडनभित्र मौलाएको अनुभूति संरचना तथा सामन्तवादी सामाजिक संरचनाभित्र उत्पादित, विस्तारित तथा स्थापित सांस्कृतिक प्रभावको प्राचुर्य कथामा प्राप्त गर्नसकिन्छ । यस कथामा सामाजिक प्रभुत्वका दृष्टिले सामन्त अर्थात् प्रथमपिँढीको प्रभुत्वशाली वर्गका रूपमा अप्रत्यक्ष उपस्थित भएका साहू र धनबीरेका प्रभुत्वका सामु कोकले, जूठे, कथाको मुख्यपात्र चामे, सासू, ससुरो, कोकलेकी आमाजस्ता चरित्रको उपस्थिति शोषित र उत्पीडनको शिकार भई निरीह दोस्रोपिँढीका रूपमा उपस्थित भएका छन् । गौंथली

र जूठेकी स्वास्नी दोस्रोपिँढीबाट थप शोषित र उत्पीडित तुल्याइएका पात्रका रूपमा कथाभित्र अटाएका छन् । यसप्रकार के भन्न सकिन्छ भने यस कथामा प्रयोग गरिएका पात्रहरू मध्ये अप्रत्यक्ष पात्र साहू र धनबीरे तत्कालीन समाजको प्रभुत्वशाली संस्कृतिको प्रतिनिधित्व गर्ने चरित्रमा आफूलाई उभ्याउन सफल छन् ।

अशिक्षारूपी अन्धकारमा जकडिएको ग्रामीण नेपाली समाजमा प्रभुत्वशाली वर्गका रूपमा प्रत्यक्ष–अप्रत्यक्ष उपस्थित भई स्थापित भएका साहू र धनबीरे जस्ता पात्रले प्रभुत्वशाली पिँढीको निर्माण मात्र नगरी समाजमा आफ्नो राम्रो प्रभुत्व कायम गरेका छन् । साहू प्रत्यक्ष साक्षात्कार नभई आफ्नो प्रभुत्वलाई समाजमा लागू गर्न सफल पात्र रहेको छ । 'भीरबाट घचेडी दिउँ भने साहूको डोको भोलि आएर साहूले समात्छ' (मैनाली, २०७१, पृ. ५७ ) । प्रस्तुत साक्ष्यमा चामेको कथनले नेपथ्यमै रहेर पनि साहूको शक्तिशाली व्यक्तित्वले उपस्थिति जनाएको छ । यस कथामा अधिकतर ग्रामीण परिवेशमा अवस्थित जनजीवन र त्यहाँको उत्पादनपद्धतिमा एकाधिकार स्थापित गरी आमनागरिकमाथि वर्चस्व स्थापित गरेको सामन्तवादी समाजव्यवस्थामा पहिलो पिँढीबाट दमित र शासित समूहको सत्तासम्बन्ध प्रस्तुत गरेको छ । यस कथामा समाजलाई नियन्त्रण गरी आफ्ना विचारधाराअनुसार गतिशीलता दिने सामन्त र तिनकै विचारधारालाई अवलम्बन गरी निम्नवर्ग र समुदायमाथि वर्चस्व स्थापना गर्न क्रियाशील अर्धसामन्ती समूहको भूमिका पनि सामाजिक संस्कृति निर्माणका लागि विशेष महत्त्व स्थापित गर्न सहयोगी बनेको छ । नेपथ्यमा रहेको साहुको चरित्र सामन्तवादी संस्कृति र यसले उत्पन्न गर्ने सत्तासम्बन्धलाई देखाउने माध्यम हो भने कथामा भौतिक उपस्थिति जनाउने पात्रले पनि समाज र संस्कृतिप्रतिको दृष्टिकोण र तिनले अभ्यन्तरित रूपमा ग्रहण गरेका छन् । समाजमा सामाजिक संस्कृति र त्यसले उत्पादन गरेको ज्ञानलाई ग्रहण गरी दोस्रो पिँढीमा प्रसार भएको ज्ञान यस कथामा अभिव्यञ्जित पहिलो पिँढीको अनुभूति संरचना हो ।

प्रस्तुत कथामा पहिलो पिँढीले उत्पादन गरेको ज्ञानलाई दोस्रो पिँढीका माध्यमबाट तेस्रो पिँढीसम्म विस्तार भएको सन्दर्भ प्रस्तुत भएको छ । प्रस्तुत कथामा सामाजिक सम्बन्धमा वर्चस्वशाली शक्तिको ज्ञानका आधारमा आफूभन्दा भिन्न पिँढीमाथि विचारधारात्मक दमन गर्ने पिँढीगत चिन्तन सशक्त रूपमा प्रस्तुत भएको छ । प्रस्तुत कथामा नेपथ्य पात्रकै भूमिकामा रहेको तर शक्तिशाली भूमिकामा रहेको धनबीरे समाजमा पिँढीगत दबावजन्य अनुभूति सिर्जना गर्न सक्षम छ । धानबीरे चामेमाथि प्रभुत्व स्थापित गर्ने पहिलो पिँढी अर्थात् सत्ताको प्रतिनिधि पात्र हो जो कोकलेकी आमाको उद्गारमा चित्रण भएको तर कथा रचनामा अभ्यन्तरमा छ । कथामा कोकलेकी आमाको कथनमा चामेमा रहेको पिँढीगत आक्रोश र यसले गर्ने उपद्रव विरोधी कार्य नियन्त्रणका लागि धनबीरेको भूमिका अर्थात् बलपूर्वक दमन गर्ने संस्कृतिको आवश्यकता प्रतिबिम्बन भएको छ । कथामा कोकलेकी आमाले 'पोहोर धनवीरेले लात्तीले खाँदिथ्यो र बर्खाभरि थला परेथ्यो, बलियो छु भन्दो हो' (ऐ., पृ. ५७) भन्ने कथामा धनबीरेको उपस्थितिले कथामा प्रभुत्वशाली वर्गको साङ्केतिक उपस्थिति मात्रैले पनि दीर्घकालीन प्रभाव राख्नसक्ने सामाजिक संरचनाको वास्तविकता चित्रण भएको छ । कोकले दोस्रोपिँढीको अर्द्धसामन्ती चरित्र हो । आफ्नो सङ्क्षिप्त भूमिकामा स्थायी प्रभाव छोड्न सफल यस चरित्रले चामेका गालामा थप्पड लगाई आफ्नो अर्द्धसामन्तवादी प्रभुत्वलाई स्थापित गरेको छ ।

प्रस्तुत कथाको प्रमुख पात्र चामेको भूमिका श्रमिक वर्गको प्रतिनिधित्व गर्ने आर्थिक रूपमा कमजोर, अशिक्षित, असचेत र सामाजिक संस्कृतिभन्दा भिन्न छ । आफूमा रहेको आवेशलाई रोक्नसक्ने तथा त्यसको निकास सांस्कृतिक ज्ञानका कारण आधीन मानिने पत्नी र घरमा पालेका पशुमाथि प्रयोग गर्ने चामे आफ्ना उदयीमान पिँढीतर्फ उन्मुख संस्कृतिको नभई भवितव्य समूहकै संस्कृतिलाई प्रतिनिधित्व गर्दछ । दोस्रो पिँढीको भवितव्य समूहबीचकै पिँढीगत द्वन्द्व, सहमति र प्रभुत्वको प्रस्तुति प्रस्तुत कथाको सामाजिक संस्कृतिलाई प्रतिबिम्बन गर्ने अन्तर्वस्तु हो । 'मकै सोत्तर पारेको देखेर कोकले आगो भो । चामेका गालामा कसेर दुई थप्पड लगायो । विचरो चामे केही बोलेन' (ऐ., पृ. ५७) । चामे यस कथाको मुख्यपात्र तथा प्रभुत्वशाली वर्गबाट शोषित–दमित हुँदाहुँदै पनि स्वयम्मा आफूलाई प्रभुत्वशाली वर्गमा स्थापित गर्न अभिमुख हुने सन्दर्भमा समान पिँढीसँग सम्झौता गर्ने अनुभूतिमा सङ्कुचन हुन प्रेरित पात्र हो । चामे समाजमा आफ्नो प्रभुत्व कायम हुने नदेखेपछि अवचेतन र अज्ञानताबस परिवारमाथि आफ्नो प्रभुत्व स्थापित गर्न उद्दत पात्र हो । चामेमा रहेको सामन्दवादी चेतनाको असचेत र अवचेतनको प्रतिबिम्बन पुरुषप्रधान नेपाली समाजको सोच र प्रवृत्तिलाई स्थापित गर्न श्रीमतीलाई कुट्ने, लघार्ने तथा घर छोडेर हिँड्न बाध्य तुल्याउने घटनाले पुष्टि गर्दछ । श्रीमतीले घर छोडेर गरेको विद्रोहबाट पीडित चामे भैंसी कुटेर छिमेकीको बर्षदिन खाने बालीसमेत नष्ट गर्ने कार्यको प्रेरक भूमिकामो रहनु स्वयम्मा पितृसत्तात्मक सामन्तवादी संस्कृतिको प्रतिनिधि हो । यस कथाले पिँढीगत संस्कृति र त्यसको प्रतिनिधित्वका दृष्टिले समाजका दोस्रो पिँढीले पहिलो पिँढीका प्रभुत्वशाली सांस्कृतिक विचारधारालाई कसरी अभ्यास गर्दछन् भन्ने अनुभूति संरचना प्रस्तुत गरेको छ । कथाले पिँढीगत संरचना र त्यसको विस्तार पहिलो पिँढीका विचारधाराको सङ्क्रमण दोस्रो पुस्तामा भएको तर उदयीमान पिँढी निर्माणको प्रक्रिया र अभ्यास नरहेको विषयलाई प्रतिबिम्बन गरेको छ ।

चामेभित्र नवसामन्तवादी प्रवृत्तिको उन्माद मुखरित–विकसित हुनुको कारक–उत्प्रेरक गौंथली नै रहेको तथ्य कथामा प्रष्ट्याइएको छ । गौंथलीको मुखाले र झगडालु स्वभाव नै वास्तविकतामा चामेलाई सामन्ती प्रवृत्तिउन्मुख तुल्याउने मुख्य उत्प्रेरक हो । चामेमा निहित गैरनारीमैत्री चरित्र तथा उसको पितृसत्तात्मक ज्ञानका कारण पारिवारिक झगडाले उत्कर्ष पूाप्त गरेको छ । स्वास्नी मुखाले हुनु तथा त्यसको समाधान शारीरिक यातना र झगडा नै हो भन्ने पितृसत्तात्मक विचारधाराबाट विश्वस्त बनेको चामेमा नारीलाई सम्मान नगर्ने स्वाभावका कारण पारिवारिक सम्बन्धका साथै सामाजिक सम्बन्धमा पनि परपीडक चरित्रको पहिचान प्राप्त भएको छ । 'चामेकी स्वास्नी गौंथली सारै मुखाले थी । राम्रा मुखले बोल्यो भने पनि बाङ्गाबाङ्गा कुरा झिकेर निहुँ खोज्थी । दुईचार दिन बिराएर लोग्नेस्वास्नीको सधैं झगडा हुन्थ्यो' (ऐ., पृ. ५५) । त्यसै पनि राणाकालीन नेपाली समाजको कठोर परिधिभित्र दबावमा बाँचेका नारी र तिनको को निरीहतामा थप दमन र हिंसाजन्य घटनाले तत्समयका नारीको अवस्था उजागर हुन्छ । कथाले नारीलाई पुरुष र यसको वर्चस्वलाई प्रयोग गर्ने प्रयोगशालाको रूपमा नारीमाथि गरिने व्यवहारको चित्रण भएको छ । कथाले तत्कालीन सामाजिक संस्कृति र सामाजिक संरचनालाई सङ्क्षिप्त विषयका माध्यमबाट नारीमाथि पुरूषको स्वामित्व हुने प्रभुत्वशाली सामाजिक संस्कृति कथामा घनीभूत रूपमा आएको छ । आफ्नो प्रभुत्व स्थापित गर्न मुखालेको जबाफ लात हो भन्ने चामेको बुझाइले उसलाई सामाजिक संरचनाभित्र नभई व्यक्तिगत–पारिवारिक संरचनामा प्रभुत्वशाली र सामन्त तुल्याएको छ । समग्र कथाको अनख्यानभित्र शोषित–उत्पीडित दोस्रोपिँढीको अनुभूति संरचनालाई प्रतिनिधित्व गर्ने चामे पारिवारिक संरचनाभित्र भने पहिलोपिँढी अर्थात् प्रभुत्वशाली सामन्तवादी अनुभूतिको संरचनालाई प्रतिनिधित्व गर्ने चरित्रका रूपमा स्थापित भएको छ ।

कथाको सहायक चरित्र जूठे आफैंमा सांस्कृतिक विभाजनअन्तर्गत उत्पीडित वर्गको पात्र भए पनि कथाभित्रको प्रकार्यात्मक भूमिकामा दोस्रो पिँढीभित्रकै सामन्ती संस्कृतिको प्रतिनिधित्व गर्ने भूमिकामा छ । सबै गाउँलेका कपडा सिएर आफ्नो जीवनयापन गर्ने जूठेलाई आर्यसंस्कृति र परम्पराप्रतिको आस्था एवम् विश्वासका कारण सृजित अन्धविश्वासको प्रतिनिधि पात्रका रूपमा प्रभुत्वशाली संस्कार र वर्गमा रूपान्तरित गरेको छ । 'जुठे चोखीनिती पनि निकै गर्थ्यो । बिहानै धारामा ...विगुत लगाएर ''विद्युत्सरि रूप् लिई गगनमा उड्नु भयो झट् तसै'' भन्ने स्तोत्र पाठ गर्थ्यो' (ऐ., पृ. ६०) । परम्परागत संस्कृति र त्यसप्रतिको प्रतिबद्धताका कारण जूठेमा रहेको जीवनचेतना परम्परित रहेको छ । जवानीमा चामेजस्तै नारीप्रति असहिष्णु र झगडालु जुठे जीवनको प्रौढतासँगै नारीप्रति सकारात्मक बनेको छ । चामेका कथनमा जुठेनी र गौंथलीको चरित्र परस्परमा तुलना गर्न नसकिने विशेषताबाट निर्माण भएका छन् । जूठेनी पुरुष वर्चस्व र त्यसले उत्पादन गरेको ज्ञानलाई अङ्गीकार गरी त्यसप्रति कुनै पनि प्रतिरोध नगर्ने चरित्र हो । जूठे आफैंमा दोस्रो पिँढीको प्रतिनिधित्व गर्ने पात्र भए पनि उसको आफ्नै श्रीमतीप्रतिको व्यवहार र अनभूति

सामन्तवादी पितृसत्ताको प्रतिनिधित्वमा केन्द्रित छ । चामेले जूठेनीको चरित्रलाई पितृसत्ता र यसको वर्चश्वलाई बिना प्रतिरोध स्वीकार गर्ने पात्रका रूपमा प्रस्तुत गर्नुको प्रयोजन नेपाली समाजमा नारीको भूमिका भन्नु नै पुरुष र यससँग सम्बन्धित विचारधारालाई अङ्गीकार गरी आफ्नो भूमिका सम्पन्न गर्नु नै हो भन्ने सन्दर्भ कथाका निम्नलिखित अभिव्यक्तिमा प्रस्तुत भएको छ । 'चुप लाग, पोहोर दशैंमा जुठे दाइले एकचोटि तिमीलाई कसरी कुटेथे; खै त एक वचन फर्कायौ' (ऐ., पृ. ५९) । जुठेकी स्वास्नीको कथनमा गौंथलीको भन्दा बढ्ता बुहार्तन र उत्पीडनको जीवन व्यतित गरेकी उसले जवानीमा प्रत्येक रात विनाकारण लोग्नेको हातबाट निर्घात कुटाई खानु सामान्य परिघटना भएको सन्दर्भ कथामा चित्रण हुनुले जुठेको प्रभुत्वशाली सांस्कृतिक चरित्र तथा जुठेकी स्वास्नीको निरिहताले त्यस समयको नारी समाजको वास्तविकता प्रस्तुत गरेको छ ।

## दबाव र तनाबका सन्दर्भमा अनुभूति संरचना

प्रस्तुत ''परालको आगो'' कथा राणाकालीन अन्धकारयुक्त राज्यसत्ताभित्र ग्रमीण नेपाली समाजमा विद्यमान सामन्तवादी प्रभुत्वशाली संस्कृतिको बोलवाला रहेको तत्कालीन सामाजिक संरचनामा प्रभुत्वशाली सामन्ती संस्कृतिका दबावमा उत्पीडित पिँढीभित्र सृजित दबावजन्य विशिष्ट अनुभूति संरचनाको केन्द्रविन्दुमा संरचित कथा हो । समाजमा सामन्तवादी संस्कृतिका परिचायक साहू र धनबीरे जस्ता प्रथम पिँढीको प्रतिनिधित्व गर्ने चरित्रले विशेषतः चामेलगायत दोस्रो पिँढीमाथि गर्ने शोषण र उत्पीडनको परिणामस्वरूप सृजित दबाव र तनाबका सन्दर्भमा निर्माण भएका अनुभूति संरचनालाई प्रतिबिम्बन गरेका छन् । कथामा दोस्रो पिँढीका पात्रबीचको वर्चस्वको द्वन्द्वले पनि यस विषयलाई गतिशील अनुभूति संरचनालाई प्रस्तुत गरेको छ । कथाका दोस्रो पिँढीका कोकले, जूठे, चामेजस्ता पात्रले आफ्नै पिँढीका छिमेकी तथा श्रीमतीमाथि गरेको हिंसाजन्य शोषणको चित्रणले दोस्रोपिँढी आफ्नै समपिँढीबाट लादिएको शोषण र उत्पीडिनबाट मुक्त हुननसकेको तत्कालीन समाजमा निहित सामन्तवादी संस्कृतिबाट सृजित अनुभूतिबाट कथाको अन्तर्विकास भएको छ । प्रस्तुत कथा अशिक्षा, अन्धविश्वास तथा सीमित व्यक्ति वा समुदायको बोलवाला रहेको नेपाली समाज सामन्ती संस्कार र सामन्तवादी सामाजिक व्यवस्थाका कारण शोषित र उत्पीडितले शोषण र उत्पीडनका बीच के–कसरी आफ्नो जीवनाधारलाई निरन्तरता दिएका छन् भन्ने अहम् पक्षलाई सूत्रात्मक रूपमा विवेचना गर्न सक्षम छ । कतिपय अवस्थामा आफ्नै कारण तथा कतिपय अवस्थामा प्रभुत्वशाली सामाजिक चरित्रको दबदबाका कारण उत्पीडित बनेका दोस्रो पिँढीको प्रभावहीन जीवनशैलीको आधारभूमिमा ''परालको आगो'' कथा उभिएको छ । आपसी कलह, अविश्वास र स्वभावका कारण हुने पारिवारिक विघटन, उक्त विघटनले उब्जाएको असामान्य सामाजिक–पारिवारिक वातावरणमा मान्छेले अनुभव गर्ने दबाव र तनाबको परिस्थिति तथा त्यसले समाजमा पार्ने प्रभावलाई सफलतापूर्वक कथामा चित्रण भएको छ ।

पहिलो पिँढीले दोस्रो पिँढीमाथि गर्ने शोषणबाट उत्पन्न दबाव र तनाबको उपस्थिति भन्दा पनि समपिँढीकै शोषणबाट उत्पन्न दबाव र तनाबको उपस्थिति कथाको मध्यभागबाट आरम्भ भई कथाको अन्त्यसम्म विस्तारित रहेको छ । पारिवारिक द्वन्द्वको परिणाम गौंथली भागेर माइत गएपछि एकोहोरो गार्हस्थ्यको बोझ बोकेर बसेको चामेमा अन्तर्निहित आवेशका कारण भैंसीमाथिको प्रहार र त्यसको पारितोषिकका रूपमा प्राप्त परिवेशबाट दबाव र तनाबजन्य परिस्थिति निर्माणको थालनी भएको छ । कोकलेकी आमाको वचनबाट चामेको वास्तविकताको पोल खुलेपछि कथामा दबाव र तनाब दुबै स्थिति बोध हुनाको साथै पहिलो पिँढीको उपस्थितिको आधारसमेत अगाडि आउने सन्दर्भ कथाका निम्नलिखित उद्धरणले पुष्टि गर्दछन् ।

चामे मोराको बाँझो होस् ! मोरालाई छेरौटीले लान नसकेको ! हिजो स्वास्नी कुट्यो, आज भैंसी कुटेर अर्काको वर्षदिन खाने कमाई बिगारिदियो ! कसैको नभाको रिस ! बजियाले बहादुरी देखाएको होला ! पोहोर धनवीरेले लात्तीले खाँदेथ्यो र बर्खाभरि थला परेथ्यो, बलियो छु भन्दो हो ! परचक्रीलाई कुट्न सक्ने पो सक्ने; आफ्नी स्वास्नी, कीलामा बाँधेका वस्तुलाई कुट्ने के कुट्ने ! ...(ऐ., पृ. ५७)

कथाको प्रस्तुत सन्दर्भमा चेतनाको अभाव र अशिक्षाको अन्धकारमा रूमल्लिएको तत्कालीन समाजमा कथाको प्रमुख पात्रको निरिहता र दयनीयताले समाजमा प्रभुत्वशाली संस्कृतिका सामु आत्मसमर्पण तथा मौनताको सन्दर्भले कथामा दोस्रो पिँढीको उत्थान भई नवीन संस्कृतिको निर्माण हुने अवस्था शुन्यप्रायः भएको विषय निम्नलिखित उद्धरणले पुष्टि गर्दछ । 'मकै सोत्तर भएको देखेर कोकले आगो भो । चामेका गालामा कसेर दुई थप्पड लगायो विचरो चामे केही बोलेन' (ऐ., पृ. ५७) । आफ्नै पिँढीको व्यक्तिले आफूमाथि हिंसा गर्दा त्यसको प्रतिकार गर्ननसक्ने चामे आफ्ना चारित्रिक कमजोरीका कारण समपिँढीगत वर्चस्वलाई स्वीकार गर्नेपर्ने दबावमा रहेको तथा समपिँढीगत सत्तासम्बन्धबाट सृजित सामजिक सम्बन्ध यस उद्धरणको अन्तर्वस्तु हो । यसैगरी चामेको मानसिकतामा निहित अन्तद्वन्द्वले पनि कथामा दबाव र तनाबको सान्दर्भिकतालाई पुष्टि गरेको छ । आफ्नो पारिवारिक जीवन झगडा र यसले सिर्जना गर्ने प्रतिकूल परिस्थितिमा बित्ने यथार्थको भुक्तभोगी चामे अर्काको परिवारलाई राम्रो मान्ने अज्ञानबाट बशीभूत छ ।

प्रस्तुत कथाले प्रतिबिम्बन गर्ने मुख्य विषय पारिवारिक संरचनामा रहेका सम्बन्धका आधारमा उत्पन्न दबाव र तनाबका आधारमा समाजिक संरचना र सम्बन्धको प्रस्तुति हो । आफूलाई शक्तिशाली वर्गको प्रतिनिधिका रूपमा स्थापित हुनका लागि चामेले स्वास्नीमाथि शारीरिक हिंसा र त्यसका माध्यमबाट नियन्त्रण गर्ने प्रयत्न, त्यसको सामाजिक प्रभाव र अन्य व्यक्तिसँग सम्बन्धित पारिवारिक संरचना र त्यहाँ विद्यमान व्यवस्थासँग आफ्नो अव्यवस्थाको तुलनाका कथागत सन्दर्भका माध्यमबाट आत्मसमीक्षा गरेको छ । आत्मसमीक्षाका क्रममा आफूलाई परम्पराको अनुशरण र त्यसलाई निरन्तरता दिँदा कसरी विद्रोह, विद्रोहजन्य दबाव र तनाबको सिर्जना हुन्छ भन्ने द्विविधामा परेको चामे जूठेको नारीहिंसालाई चुपचाप स्वीकार गर्ने जूठेनीको चरित्रलाई महान् र स्वयम्ले पत्नीमाथि गरेको हिंसाको प्रतिकार र विद्रोहबीचको सम्बन्धको जडसम्म पुग्न नसकेको सन्दर्भ कथाका निम्नलिखित उद्धरणले पुष्टि गर्दछन् । 'जुठेको गृहस्थी जीवनसँग आफ्नू जीवनको तुलना गरेर चामे बहुतै दुःखी हुन्थ्यो । जूठेकहाँ .... बिहा भएको यत्तिका दिन भै सक्यो, कहिल्यै राम्रो मुखले बोलेको थाहा छैन' (ऐ., पृ. ५९) तथा 'भीरबाट घच्याड्दिऊँ भने साउको डोको; भोलि आएर साउले बाँध्छ' (ऐ., पृ. ५९) । 'कोदालो खन्नाको गाहाराले जोगी भएको' (ऐ., पृ. ५९) । उपर्युक्त प्रसङ्गमा परम्परा निर्दिष्ट संस्कृतिको अनुशरण गरी नारीलाई नियन्त्रण गर्नका लागि अवलम्बन गरिने हिंसाको मार्ग कथाको समकालीन सन्दर्भमा प्रतिकूल भइसकेको विषयबोध गर्न नसक्दा उत्पन्न दबाव र तनाको अवस्था प्रस्तुत भएको छ । पहिलो पिँढीले उत्पादन गरेको ज्ञानलाई पछ्याउने र निरन्तरता दिई प्रभुत्व स्थापित गर्ने दोस्रो पिँढीको प्रयत्न समपिँढीकै विद्रोहका कारण असफल भएको छ । यस कथामा चामेको मानसिकतामा आएको अन्तद्वन्द्व र उसले जूठेको परिवारसँग आफ्नो परिवारको तुलना गर्दा प्राप्त दोस्रो पिँढीमा सृजित अनुभूति र त्यसले सृजना गर्ने दबावको सापेक्षित रूप देख्नसकिन्छ । चेतनका तहमा देखिएको विरोध, घृणा, तिरस्कार र वितृष्णाबाट सृजित दबावभन्दा अर्द्धचेतन तहबाट नियाल्दा प्राप्त हुने पारिवारिक जीवनको जैविक–मनोवैज्ञानिक आवश्यकताको परिपूर्तिबाट पाइने आनन्दका लागि जुस्तोसुकै तनाब सैह्य हुने यथार्थलाई स्वीकार गर्ने चामेको सोचमा आएको परिवर्तनबाट पुष्टि हुन्छ ।

पहिले आठदश दिन त चामे गौंथलीको नाउँ लिँदा पनि झम्टला भने झैं गर्थ्यो । तर पछिपछि शून्य मान्न लाग्यो । विचार गर्‍यो – मुखाले भए पनि सारै जाँगरिली थी । मन लाएर एक भारी घाँस ल्याई भने भैंसी टन्न अघाउँथ्यो । बिहान–बेलुका एक गाँस पकाएर खान दिन्थी । ऊ गएदेखि तीनचार दिन भात खाएँ हुँला नत्र भने खाली भुटेका मकैका भरमा छु । ऊ हुञ्जेल भैंसीले ट्यामट्याममा दूध दिन्थ्यो । आफैं दुहुन्थी । ऊ गएदेखि बिच्केको बिच्क्यै भो । सबै जना डाकेर ले भन्छन् । जुठे दाइकी स्वास्नी पनि त त्यसै भन्थिन् । आए आउली, नआए नआउली, एक पटक लिन जानै पर्‍यो (ऐ., पृ. ६०) ।

प्रस्तुत कथाको उपर्युक्त सन्दर्भमा श्रीमती लिन ससुराली जाँदा श्रीमतीले केही भन्छे कि, ससुरालीले के सोच्छन् जस्ता सन्दर्भमा देखिने

मानसिक अन्तद्र्वन्द्वबाट सृजित दबाव र तनाबको यथोचित् उपयोग भएको छ 'चिलाउनेका बोटनेर पुगेपछि चामेका गोडा अलि गह्रौं भए' हरे ! त्यो दिन बिचरी गौंथलीलाई किन कुटें हुँला ...अलि मुखाले भएकी पनि कुटेरै हो ! अब घर गै भने कहिल्यै कुट्ने छैन ... मनमा कुरा खेलिरहेका थिए, (ऐ., पृ. ६०)' । छोरीलाई घर फर्काउने क्रममा चामेको ससुराको अभिव्यक्तिले समाजमा जुनसुकै परिस्थितिबाट अस्तित्वमा रहे पनि उसको अस्तित्वमाथि कसैले दबाव सिर्जना गर्छ भने त्यसको प्रतिकारका लागि मान्छे सशक्त बन्दछ जसको परिणाम अस्तित्वहीन ठान्ने वर्गमाथि सिर्जना हुने दबाव र उक्त दबावबाट सृजित तनाबको चित्रण प्रभावकारी रूपमा भएको छ 'हुन त ज्वाइँ गरिब र सरिब भनेर अनेक थरीका नाम राख्यौ अरे ! तर गरिब भए पनि आजसम्म कसैका घरमा पोल्टो थाप्न गएको छैन । पाउ पुजेर दिएको तिमीलाई हो ! आफ्नी स्वास्नी राजी गराउ लैजाऊ, कसैले छेकेको छैन' (ऐ., पृ. ६२) । चामेका ससुराली र उसको सामाजिक संरचना, विचारधारा र प्रभुत्व समान दोस्रो पिँढी हो । प्रस्तुत उद्धरणमा नीतिगत दृष्टिले परिवारको निर्माण लैङ्गिक सहअस्तित्वबाट हुने विषयलाई अस्वीकार गरी गौंथलीको अस्तित्वलाई ग्रहण नगर्ने चामेको मानसिकता र असामाजिक–अपारिवारिक व्यवहारलाई सङ्केत गरी छोरी अर्काकै धन हो भन्ने पितृसत्तात्मक सोचको अभिव्यक्ति स्वयम् छोरीका बाबुबाटै आएको छ । विवाहपछि गौंथलीको दायित्व चामेको जिम्मा हो त्यसलाई उत्पादन र विनासमुखी बनाउने जिम्मा उसैको हो भन्ने ससुराको कथन तथा त्यसपूर्वको गौंथलीप्रति चामेको परिवर्तित मानसिकताले आफैंले व्यहोर्नु पर्ने विषयलाई किन समस्याको रूपमा बल्झाइरहेको अनुभूति चामेमा दबाव र तनाब सिर्जना गर्ने माध्यम बनेको छ । यस कथामा चामेको ससुराको कथनले पारिवारिक सहअस्तित्वका आधारमा परस्परमा विश्वास सिर्जना गरे मात्र जीवनको सार्थकता उत्पन्न हुने कथ्यविषयको प्रस्तुतिबाट सामाजिक विचारधारा र अभ्यासलाई निरन्तरता दिने कार्य नै मान्छेमा दबाव र तनावका आधारमा अनुभूति संरचना निर्माणको कारक रहेको विषय प्रतिपाद्य भएको छ ।

सामन्तवादी सामाजिक संरचनाभित्र नेपाली समाजका नारीको निरिहता, दयनीयता र दासत्ववत् व्यवहारबाट सृजित दबाव र त्यसबाट उत्पन्न तनाबको चित्रणमा कथा सफल रहेका छन् । पुरूषप्रधान नेपाली समाजमा त्यसै पनि नारीको स्थान उत्पीडित वर्गको सूचीमा छँदैछ त्यसमाथि अशिक्षा, अन्धविश्वास र सामाजिक नीतिका कारण थप शोषण र उत्पीडनबाट उत्पन्न दबावको प्रभावकारी चित्रण कथामा भएको छ । कथामा उपस्थित भएका नारी पात्रहरू समाजका प्रभुत्वशाली संस्कृति र पिँढीबाट शोषित र उत्पीडित नभई आफ्नै पिँढीबाट शोषित भई दबावको अनुभूति गर्न पुग्दछन् । आफ्नै पिँढीबाट उत्पीडित भई दबाव र तनाबको अनुभूति गर्ने गौंथली आफ्नै चारित्रिक विशेषता र लोग्नेको विवेकहीनताका कारण शोषण र दबावको अनुभूति गरेकी छे । कथाको आरम्भमा भन्ने प्रसङ्गको उठानसँगै कथामा दबाव र तनाबजन्य अनुभूतिको सिर्जना भएको छ । उक्त सन्दर्भसँगै कथामा द्वन्द्वात्मकताको आमन्त्रण तथा अज्ञानताबस मुखालेको जवाफ लात्ती–मुड्की हो एवम् स्वास्नी भनेको कुटेरै तहलाउनु पर्छ भन्ने मान्यताबाट अभिप्रेरित भई मुखालेको प्रतिउत्तरमा शारीरिक हिंसाको प्रयोगले समपिँढीबीच हुने प्रभुत्वको द्वन्द्वबाट सृजित दबाव र तनाबको अनुभूति सिर्जना भएको छ ।

## निष्कर्ष

प्रस्तुत लेख "परालको आगो" कथामा अनुभूतिको संरचना मूलसमस्या तथा कथा रचनागत सामाजिक सन्दर्भ, संस्कृति र अनुभूति : पिँढी र प्रभुत्व तथा दबाव र तनाबका बीच अनुभूति संरचना शोध्यसमस्याको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत "परालको आगो" कथा यथार्थवादी कथाधाराको एक सशक्त कथा हो । यस कथाले नेपाली सामाजिक र राजनीतिक परिवेशमा २००७ सालको राजनीतिक परिवर्तनपूर्व ग्रमीण नेपाली समाजमा विद्यमान अशिक्षा, गरिबी, शोषण, दमन, र अन्धविश्वासमा जेलिएको यथार्थको उद्बोधन गरेको छ । कथामा मुख्यपात्र चामेले अनजुभव गरेको दबाव र तनाबको परिघटना तथा त्यसबीचमा उसले अनुभव गरेको विशिष्ट अनुभूति एवम् आन्तरिक द्वन्द्वबाट पुनर्मिलनतर्फ अग्रसर पारिवारिक जीवनको एक अंशलाई कथामा प्रभावकारी रूपमा संयोजन गरिएको छ । कथा आफैंमा लघुआयामिक विधा भएकाले समग्रतालाई सूक्ष्म–सूत्रात्मक रूपमा चित्रण गरिएकाले कथामा व्यथित अनुभूतिको संरचना पनि सूत्रात्मक तर विशिष्ट रूपमा आएको छ । संवृत्त सामाजिक–राजनीतिक संरचनाका कारण सम्पन्न समुदायको प्रभुत्व र दबदबालाई निःसर्त स्वीकार गर्नुपर्ने समाजिक व्यवस्थाले शोषण र उत्पीडनको मारमा परेका विपन्न समुदाय प्रभुत्वशाली पिँढीका विरूद्ध आवाज उठाउन नसकेपछि आफ्नै पिँढीका व्यक्ति–वर्गप्रति नकारात्मक विद्रोह र दमनमा उत्रँदा पैदा हुने आवेशजन्य अनुभव तथा दबाव र तनाबको अनुभूतिको संरचना कथाको आरम्भदेखि अन्त्यसम्मका घटनामा अभिव्यञ्जित भई कथाले पूर्णता प्राप्त गरेको छ । यस कथाले समाजका प्रभुत्वशाली पिँढीसँग कुनै पनि सङ्घर्ष गर्न नसक्ने तर आफ्नै समपिँढीसँगको अन्तद्वन्द्वात्मक परिस्थितिले कथामा विविधतापूर्ण अनुभूति तथा दबाव र तनाबमा अल्झिएको दोस्रोपिँढीबाट तेस्रोपिँढी आगमनको संभावनालाई परै राखौं आफैंमा कुनै विशिष्ट अनुभूतिको संरचनालाई समेत प्रतिबिम्बन गरेको छैन । निष्कर्षतः कथामा आएका प्रभुत्वशाली पिँढीबाहेक अन्य पिँढीको अनुभूतिको संरचना निष्प्रभावी बन्नुमा समुदायको कुनै भूमिका नरही तत्कालीन नेपाली समाजको अविकसित स्वरूप, गरिबी, अन्धविश्वास र अशिक्षा नै प्रमुख कारक रहेको निष्कर्ष हुनआउँछ ।

## सन्दर्भ सामग्रीसूची


घर्ती, दुर्गाबहादुर (२०७९). केही दृष्टिकोण केही विश्लेषण, काठमाडौँ: ओरेन्टल पब्लिकेसन हाउस प्रा. लि ।

घिमिरे, विदुला (२०७३). वानीरा गिरीका उपन्यासको समाजशास्त्रीय अध्ययन,(अप्र. दर्शनाचार्य शोधप्रबन्ध), नेपाली केन्द्रीय विभाग ।

जैन, निर्मला (सन् १९९२). साहित्यका समाजशास्त्रीय चिन्तन, (सातौं संस्क.), भारतीय साहित्य अकादमी । ।

पाण्डेय, ताराकान्त (२०७३). मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र. साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९). साहित्य के समाजशास्त्र की भूमिका, हरियाणा साहित्य अकादमी ।

मैनाली, गुरूप्रसाद (२०७१). नासो, (बीसौं संस्क.), साझा प्रकाशन ।

Eldri Jhon And Lizze. (2005). *Raymond Williams Making Connection*. Jhon Hopkins University, E Liberary edition.

Gramsci, Antonio. (1973). *The prison Notebook : Selection. (Trans. And Edt.).* Hoare and Smith. Lawrence and Wishart.

Hawthorn, J. *(2000). A Glossary of contemporary literary theory,* . Hodder Arnoldo.

Kanwar, Asha, (1988). 'Raymond Williams and the English Novel'. *Social Scientist*. Vol. 16, No. 5 pp 46-58.https://doi.org/10.2307/3517297

Williams, R. (1960). *culture and society 1780-1980*, Anchor Book, Doubleday and company Inc.